आज मिति २०८२ साल जेष्ठ महिनाको ३० गते, शुक्रवारको दिन बिहानको ११:०० बजे यस दक्षिणकाली नगरपालिकाका नगर प्रमुख श्री मोहन बस्नेतज्यूको अध्यक्षतामा नगर कार्यपालिकाका तपसिल बमोजिमका सदस्यज्यूहरुको उपस्थितिमा आ.व.२०८१/०८२ को १४ औं कार्यपालिका बैठक बसी निम्नानुसार प्रस्तावहरु उपर छलफल गरि देहाय बमोजिमका निर्णयहरु गरियो।

**उपस्थिती**

| क्र.सं | नाम, थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | नगर प्रमुख श्री मोहन बस्नेत | अध्यक्ष | |
| २ | नगर उपप्रमुख श्री बसन्ती तामाङ (डंगोल) | सदस्य | |
| ३ | कार्यपालिका सदस्य श्री जय थापा मगर (वडा अध्यक्ष, १ नं. वडा) | सदस्य | |
| ४ | कार्यपालिका सदस्य श्री रामचन्द्र क्षेत्री (वडा अध्यक्ष, २ नं. वडा) | सदस्य | |
| ५ | कार्यपालिका सदस्य श्री प्रचण्डमान सिंह बस्नेत (वडा अध्यक्ष, ३ नं. वडा) | सदस्य | |
| ६ | कार्यपालिका सदस्य श्री पुष्कर खड्का (वडा अध्यक्ष, ४ नं. वडा) | सदस्य | |
| ७ | कार्यपालिका सदस्य श्री श्याम बहादुर खत्री (वडा अध्यक्ष, ५ नं. वडा) | सदस्य | |
| ८ | कार्यपालिका सदस्य श्री शैलेसमान मानन्धर (वडा अध्यक्ष, ६ नं. वडा) | सदस्य | |
| ९ | कार्यपालिका सदस्य श्री हरि प्रसाद तिमल्सेना (वडा अध्यक्ष, ७ नं. वडा) | सदस्य | |
| १० | कार्यपालिका सदस्य श्री योस कुमार वाईबा (वडा अध्यक्ष, ८ नं. वडा) | सदस्य | |
| ११ | कार्यपालिका सदस्य श्री अमृका बलामी (वडा अध्यक्ष, ९ नं. वडा) | सदस्य | |
| १२ | कार्यपालिका सदस्य श्री ईश्वरी खत्री | सदस्य | |
| १३ | कार्यपालिका सदस्य श्री भानु विश्वकर्मा | सदस्य | भानु |
| १४ | कार्यपालिका सदस्य श्री प्रकाश विशुंके | सदस्य | |
| १५ | कार्यपालिका सदस्य श्री विद्यालक्ष्मी श्रेष्ठ | सदस्य | |
| १६ | कार्यपालिका सदस्य श्री रमा पहरी | सदस्य | रमा |
| १७ | कार्यपालिका सदस्य श्री लक्ष्मी भण्डारी पौड्याल | सदस्य | |
| १८ | कार्यपालिका सदस्य श्री सुमित्रा विष्ट (के.सी.) | सदस्य | |
| १९ | कार्यपालिका सदस्य श्री सुरेश बस्याल | सदस्य | |
| २० | प्रमुख प्रशासकीय अधिकृत श्री राममणि काफ्ले | सचिव | |

मिति २०८२/०२/३० गते, शुक्रबार आ.ब.२०८१/०८२ को नगर कार्यपालिकाको चौधौं कार्यपालिका बैठकमा छलफल गरी निम्नानुसारको निर्णय गरियो ।

| सि. नं. | विषय | निर्णय भएको व्यहोरा |
|---|---|---|
| १ | नगर सभाको अधिवेशन आव्हान सम्बन्धमा । | यस नगरपालिकाको नगर सभाको १५औं अधिवेशन देहाय बमोजिमको मिति, समय र स्थानमा गर्ने ।<br>कार्यक्रमको विवरणः<br>मितिः २०८२/०३/१० गते, मंगलबार,<br>समयः बिहान ११:३० बजे,<br>स्थानः दक्षिणकाली नगरपालिकाको सभाहल, फर्पिङ, काठमाडौं । |
| २ | केवलकार सम्बन्धी प्रस्तुतीकरण | रोपवे एण्ड केबलकार प्रा.लि.ले यस नगरपालिकाको क्षेत्र समेत पर्ने गरी कीर्तिपुर वडा नं. ४ जनजाति संग्रहालय देखि चम्पादेवी भञ्याङ हुँदै भष्मासुर डाँडासम्म केबलकार तथा मोनोरेल निर्माण आयोजनाको सम्भाव्यता अध्ययन, वातावरण प्रभाव मूल्यांकन र निर्माण तथा संचालनको लागि सहमति माग निवेदन पेश गरेको हुँदा उक्त कम्पनीले पूरा गर्नुपर्ने सम्पूर्ण कानुनी प्रकृयाहरु पूरा गरी प्रत्येक ६/६ महिनामा नगरपालिकामा प्रगति बुझाउने गरी ३ आर्थिक वर्षका लागि निर्माण अवधि कायम गरी उक्त कम्पनीलाई मोनोरेल तथा केबुलकार निर्माणको लागि वातावरण प्रभाव मूल्यांकन, आयोजनाको सम्भाव्यता अध्ययन र डिपिआर तयार गर्ने कार्यका लागि प्रारम्भिक अनुमति प्रदान गर्ने । |
| ३ | काठमाडौं महानगरसँगको आयोजना सम्झौता | काठमाडौं महानगरपालिका र दक्षिणकाली नगरपालिकाबीच काठमाडौं महानगरपालिकामा रहेका निर्माणजन्य सामाग्री र नदी सतहबाट उत्सर्जित माटो वडा नं. ७ कार्यालयको दक्षिणपट्टि रहेको खोल्साको पहिरो रोकथाम, वस्ती संरक्षण तथा उक्त स्थानमा क्रिकेट रंगशाला निर्माण गर्ने उद्देश्यका साथ निर्माणजन्य अवशेष बिसर्जन गर्न महानगरपालिकासँग यस नगरपालिकाको अधिकतम हित प्रवर्धन हुने गरी सम्झौता गर्ने । |
| ४ | सडक बालबालिका रहित नगर घोषणा | महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय, राष्ट्रिय बाल अधिकार परिषद्को च.नं.१७२९, मिति २०८२/०१/२८ को पत्र बमोजिम स्थानीय वडा, स्थानीय तह र प्रदेशलाई सडक बालबालिका मुक्त बनाउने तथा घोषणा गर्ने सम्बन्धी पत्र र मिति २०८२।०१।१७ गतेको गोरखापत्र दैनिकमा प्रकाशित सूचना बमोजिम |

| | | |
|---|---|---|
| | | यस दक्षिणकाली नगरपालिकाका सम्पूर्ण वडाहरु सडक बालबालिका मुक्त घोषणा भईसकेकोले यस दक्षिणकाली नगरपालिकालाई समेत सडक बालबालिका मुक्त घोषणा गर्ने । |
| ५ | सुरक्षित गर्भपतन सेवा सञ्चालन सम्बन्धमा । | सुरक्षित मातृत्व तथा प्रजनन स्वास्थ्य अधिकार ऐन, २०७५ बमोजिम दक्षिणकाली नगर अस्पतालवाट निःशुल्क गर्भपतन सेवा उपलब्ध गराउने । |